**माछापुच्छ्रे गाउँपालिका**
**स्थानीय राजपत्र**

| | | |
|---|---|---|
| **खण्डः ०६** | **संख्याः ०४** | **मितिः २०७९।०५।०६** |

**भाग-२**

सम्बत् २०७९ सालको कार्यविधि नं. २

## माछापुच्छ्रे गाउँपालिकाको राजश्व परामर्श समिति (कार्य सञ्चालन) कार्यविधि, २०७९

**प्रस्तावनाः** स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहको कर तथा गैरकर राजश्व परिचालन सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संसोधन, परिमार्जन र परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने उद्देश्यले गठन हुने स्थानीय राजश्व परामर्श समिति कार्य संचालन कार्यविधिको अभावमा कानूनद्वारा परिभाषित काम, कर्तव्य र जिम्मेवारीहरुलाई प्रभावकारी र परिणाममुखी बनाउन वाञ्छनीय भएकोले सोही ऐनको दफा ६५ (४) को अधिनमा रही गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा २ ले दिएको अधिकार प्रयोग गरी यो राजश्व परामर्श समितिको कार्य संचालन कार्यविधि, २०७९ तर्जुमा गरी कार्यान्वयन गरेको छ ।

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम माछापुच्छ्रे गाउँपालिकाको राजश्व परामर्श समिति (कार्य संचालन) कार्यविधि, २०७९ रहने छ ।

(२) यो कार्यविधि माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाले स्विकृत गरेको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।
(ख) **"गाउँपालिका"** भन्नाले माछापुच्छ्रे गाउँपालिकालाई सम्झनु पर्दछ ।
(ग) **"समिति"** भन्नाले ऐनको दफा ६५ बमोजिम गठन हुने स्थानीय राजश्व समितिलाई सम्झनु पर्दछ ।
(घ) **"संयोजक"** भन्नाले स्थानीय राजश्व समितिको संयोजकलाई सम्झनु पर्दछ ।
(ङ) **"सदस्य"** भन्नाले समितिका सदस्यहरुलाई सम्झनु पर्दछ ।
(च) **"सदस्य सचिव"** भन्नाले समितिका सदस्य सचिवलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २

## राजश्व परामर्श समितिको कार्यक्षेत्र

**३. समितिको कार्यक्षेत्रः** समितिको कार्य क्षेत्र ऐनको दफा ६५ उपदफा २ मा उल्लेखित कामका अतिरिक्त देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाको राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संसोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा गाउँपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने,

(ख) राजश्वको श्रोत, दायरा र दर समेतको बिश्लेषण गरी आगामी आर्थिक बर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने,

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

(ग) राजश्वका दर र क्षेत्र लगायका आधारमा आन्तरिक आयको बिश्लेषण र अनुमान गर्ने,

(घ) स्थानीय उद्योग र व्यवसाय प्रर्वद्धन र रोजगारी सृजनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा गाउँपालिकालाई परामर्श दिने,

(ङ) कर राजश्व तथा गैरकर राजश्व, सेवा शुल्क, दस्तुर आदीको दर सम्बन्धमा गाउँपालिकालाई परामर्श दिने,

(च) गाउँपालिकाको राजश्व प्रशासन सुधारका लागि अन्य परामर्श दिने,

(छ) गाउँपालिकाको आन्तरिक राजश्व अभिबृद्धि तथा सुधारको लागि राजश्व आधार, दर, दायरा, राजश्व आधारहरुको मूल्यांकन, राजश्व सम्बन्धी संरचना, जनशक्ति, क्षमता बिकास, प्रविधि उपयोग, नियमित अनुगमन, राजश्व परिचालनको अवस्थाको आवधिक समिक्षा, मूल्यांकनको आधारमा गाउँ कार्यपालिकालाई नीतिगत तथा कार्यगत पृष्ठपोषण सहित सुझाव दिने,

(ज) गाउँपालिकाको आन्तरिक राजश्व अभिबृद्धि तथा सुधारका लागि राजश्व सुधार कार्ययोजना तर्जुमा, कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, राजश्व परिचालनलाई प्रभावकारी र लाभ लागतको बिश्लेषणको आधारमा वाह्य प्राविधिक तथा व्यवस्थापकीय सेवा लिने सम्बन्धी नीतिगत र प्रवन्धकीय व्यवस्थापनका लागि गाउँपालिकालाई पृष्ठपोषण सहित राय सुझाव दिने,

(झ) गाउँपालिकाले तोके बमोजिम अन्य काम ।

## परिच्छेद - ३

## समितिका पदाधिकारीहरुको काम, कर्तव्य र जिम्मेवारी

४. **संयोजकको काम, कर्तव्य र जिम्मेवारीः** राजश्व परामर्श समितिको संयोजकको मुख्य भुमिका देहाय अनुसार रहनेछ ।

(क) समितिको बैठकको अध्यक्षता गर्ने,

माल्लापुच्छे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

(ख) गाउँपालिकालाई राजश्व परिचालनका सम्बन्धमा अध्यक्ष र कार्यपालिकासँग आवश्यक परामर्श गर्ने,

(ग) समितिको बैठकको मिति तथा समय तोक्ने,

(घ) बैठकको सम्भावित कार्यसूची तय गर्ने,

(ङ) राजश्वसँग सम्बन्धित निकाय वा व्यक्तिहरुसँग आवश्यक समन्वय गर्ने,

(च) समितिको कार्यक्षेत्रभित्र पर्ने सम्पूर्ण कार्यहरुको प्रभावकारी कार्यसम्पादनको लागि नेतृत्व प्रदान गर्ने,

(छ) अध्यक्ष, कार्यपालिका वा समितिले तोकेका अन्य कार्य गर्ने ।

**५. सदस्यहरुको काम, कर्तव्य र जिम्मेवारीः** समितिका सदस्यहरुको मुख्य भुमिका देहाय अनुसार हुनेछ ।

(क) संयोजकले डाकेको बैठकमा उपस्थित भै गाउपालिकाको राजश्व क्षेत्रमा सुधार गर्नुपर्ने बिषयमा सुझाव तथा धारणा राख्ने,

(ख) समितिमा आफुले प्रतिनिधित्व गरेको क्षेत्रबाट गाउँपालिकाले राजश्व क्षेत्रमा अवलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रममा आवश्यक सुझाव दिने,

(ग) स्वीकृत राजश्वका दर र दायरा बमोजिम कर संकलनको लागि आवश्यक सहजिकरण गर्ने,

(घ) समितिले तोकेका अन्य कार्य गर्ने ।

**६. सदस्य सचिवको काम, कर्तव्य र जिम्मेवारीः** स्थानीय राजश्व परामर्श समितिको सदस्य सचिवको मुख्य भुमिका देहाय अनुसार रहनेछ ।

(क) समितिको सचिव भई सचिवालय सञ्चालन सम्बन्धी आवश्यक जिम्मेवारी निर्वाह गर्ने,

(ख) संयोजकसँग समन्वय गरी बैठकको कार्यसूची तयार गर्ने, प्रस्ताव तयार गर्ने र सदस्यहरुलाई पत्राचार गर्ने,

(ग) राजश्वसँग सम्बन्धित विषयहरुमा आवश्यक सूचना तथा तथ्यांकहरुको संकलन, विश्लेषण गरी समितिको बैठकमा पेश गर्ने,

(घ) गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तयार पार्ने काममा सहजिकरण गर्ने,

(ङ) गाउपालिकाको राजश्व सुधार कार्ययोजना बमोजिम आगामी आ.व.को लागि राजश्व आधार, दर र दायरा, मूल्यांकन जस्ता पक्षहरुको विश्लेषण गरी कार्यपालिकालाई आर्थिक विधेयक तयार पार्न सहयोग गर्ने,

(च) समितिको वार्षिक प्रतिवेदन तयार गर्ने,

(छ) राजश्व प्रशासन सुधारका लागि कार्यक्रमहरु तर्जुमा गरी समितिको बैठकमा प्रस्तुत गर्ने,

(ज) समितिले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद ४

## समितिको बैठक समयतालिका, सम्भावित कार्यसूची तथा बैठक सम्बन्धी कार्यविधि

**७. समितिको बैठकः** सामान्यतया समितिको नियमित बैठक एक आर्थिक वर्षमा न्युनतम ६ पटक वस्नेछ, तर समितिले आवश्यक ठानेमा सो भन्दा वढि पटक बैठक बस्न वाधा मानिने छैन । बैठक संख्या र समय तालिका देहाय अनुसार हुनेछ ।

| बैठक संख्या | बैठकको सम्भावित समय तालिका | बैठकको सम्भावित कार्यसूची |
|---|---|---|
| पहिलो बैठक | श्रावण मसान्त भित्र | कार्यविधिको दफा ८ मा उल्लेख भए बमोजिम |
| दोश्रो बैठक | मंसिर १५ भित्र | कार्यविधिको दफा ९ मा उल्लेख भए बमोजिम |
| तेश्रो बैठक | पौष १५ भित्र | कार्यविधिको दफा १० मा उल्लेख भए बमोजिम |
| चौंथो बैठक | फागुन १५ भित्र | कार्यविधिको दफा ११ मा उल्लेख भए बमोजिम |
| पाँचौ बैठक | वैसाख मसान्त भित्र | कार्यविधिको दफा १२ मा उल्लेख भए बमोजिम |
| छैठौ बैठक | आषाढ ५ गते भित्र | कार्यविधिको दफा १३ मा उल्लेख भए बमोजिम |

**८. पहिलो बैठक र सम्भावित कार्यसूचीः** नयाँ आ.व.सुरु भएपछि समितिको पहिलो बैठक बस्नेछ, पहिलो बैठकको सम्भावित कार्यसूचीहरु देहाय अनुसार हुनेछः

(क) चालु आ.व.को लागि स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा वजेट मध्ये राजश्व संकलन तर्फको नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनको कार्यतालिका बनाउने,



माछापुच्छ्रे गाउँपालिकाको कार्यालय

(ख) राजश्व संकलनलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्थापकीय प्रबन्ध जस्तै राजश्व शाखाको संस्थागत क्षमता बिश्लेषणको आधारमा संरचनागत सुधार, मानवीय तथा प्रविधिगत क्षमता बिकास कार्ययोजना र लागत अनुमान तयार गरी कार्यान्वयनका लागि कार्यपालिकालाई सिफारिस गर्ने,

(ग) चालु आ.व.को लागि स्वीकृत बार्षिक राजश्व लक्ष्यलाई चौमासिक रुपमा विभाजन गरी चौमासिक लक्ष्य निर्धारण गर्ने, राजश्व राजश्व प्रशासनमा संलग्न कर्मचारीहरुका लागि प्रोत्साहन कार्यक्रम तयार गरी स्विकृतीका लागि गाउँ कार्यपालिकामा पेश गर्ने,

(घ) चालु आ.व.को स्विकृत राजश्व नीति तथा कार्यक्रम अन्तर्गत करदाता शिक्षा कार्यक्रमहरुको चौमासिक कार्यतालिका तयार गर्ने,

(ङ) स्विकृत राजश्व नीति, लक्ष्य, कार्यक्रम, रणनीति र सो को कार्यान्वयनको क्रममा चौमासिक रुपमा गरिने अनुगमन कार्ययोजना तर्जुमा गर्ने र राजश्वसँग सम्बन्धित संघीय तथा प्रादेशिक कार्यालय निकायहरुसंग समन्वय गर्ने,

(च) राजश्व परामर्श समिति, शाखा र कर्मचारीहरूको क्षमता अभिबृद्धि सम्बन्धी व्यवस्था,

(छ) समितिले आवश्यक ठानेका अन्य विषयहरु ।

९. **समितिको दोश्रो बैठक र सम्भावित कार्यसूचीः** सदस्य सचिवले संयोजकको परामर्शमा दोश्रो बैठक बोलाउनु पर्नेछ । दोश्रो बैठकको लागि सम्भावित कार्यसूचीहरु देहाय अनुसार हुनेछः

(क) चालु आ.व.मा स्वीकृत कार्ययोजना अनुसार पहिलो चौमासिक (श्रावण, भाद्र, असोज र कार्तिक) अवधिमा भएको प्रगति समिक्षा,

(ख) समिक्षाको निष्कर्षको आधारमा दोश्रो चौमासिक अवधिका लागि राजश्व लक्ष्य, रणनीति र कार्ययोजना र कार्यतालिकामा आवश्यकताको आधारमा परिमार्जन,

(ग) राजश्व संकलनलाई प्रभाकारी बनाउन कर प्रशासनमा सुधार, कर शिक्षा कार्यक्रम संचालन, स्वयम् कर घोषणा कार्यलाई प्रोत्साहन जस्ता गतिविधिहरुको संचालन, अनुगमन, समन्वय र सहजिकरण,

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

(घ) आगामी आ.व.को लागि गाउँपालिकाको आय अनुमान प्रक्षेपणको लागि आवश्यक आधारभूत सूचना तथ्यांक संकलन सम्बन्धमा,

(ङ) समितिले आवश्यक ठानेका अन्य विषयहरु ।

**१०. समितिको तेश्रो बैठक र सम्भावित कार्यसूचीः** सदस्य सचिवले संयोजकको परामर्शमा तेश्रो बैठक बोलाउनु पर्नेछ । तेश्रो बैठकको लागि सम्भावित कार्यसूचीहरु देहाय अनुसार हुनेछः

(क) चालु आ.व.को पहिलो ६ महिना अवधिको आन्तरिक तथा वाह्य राजश्व परिचालन सम्बन्धी अर्धवार्षिक समिक्षा,

(ख) आगामी आ.व.का लागि राजश्व प्रक्षेपणका लागि आधार सूचकहरुको बिश्लेषण

(ग) चालु आ.व.को राजश्व नीति, कार्यक्रम तथा परियोजनाहरुको पृष्ठभूमीमा आगामी आ.व.को राजश्व प्रक्षेपणको प्रारम्भिक खाका तयारी

(घ) समितिले आवश्यक ठानेका अन्य विषयहरु ।

**११. समितिको तेश्रो बैठक र सम्भावित कार्यसूचीः** सदस्य सचिवलले संयोजकको परामर्शमा चौंथो बैठक बोलाउनु पर्नेछ । चौंथो बैठकको लागि सम्भावित कार्यसूचीहरु देहाय अनुसार हुनेछः

क) चालु आ.व.को पहिलो ६ महिना अवधिको आन्तरिक तथा वाह्य राजश्व परिचालन सम्बन्धी अर्धवार्षिक समिक्षा,

ख) आगामी आ.व.को लागि राजश्व प्रक्षेपण सहितको राजश्व अध्ययन प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्ने,

ग) चालु आ.व.को पहिलो ६ महिलनाको अवधिमा परिचालन भएको आन्तरिक तथा वाह्य आय समेतको आधारमा संशोधित अनुमानत र आगामी आ.व.को प्रारम्भिक अनुमान गरी दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा,

घ) आगामी आ.व.को लागि आन्तरिक आय संकलनको लागि ठेक्का वन्दोवस्ती सम्बन्धी कार्यको योजना तर्जुमा,

ङ) आगामी आ.व.मा राजश्व संकलनलाई प्रभावकारी बनाउन आवश्यक नीति, कानुन, बजेट तथा कार्यक्रम तर्जुमा गरी स्वीकृतीका लागि बजेट तथा कार्यक्रम तर्जुमा समिति मार्फत कार्यपालिकामा पेश गर्ने,

च) समितिले आवश्यक ठानेका अन्य विषयहरु ।

१२. **समितिको पाँचौ बैठक र सम्भावित कार्यसूचीः** सदस्य सचिवले संयोजकको परामर्शमा पाँचौ वैठक वोलाउनु पर्नेछ । पाँचौ बैठकको लागि सम्भावित कार्यसूचीहरु देहाय अनुसार हुनेछः

क) चालु आ.व.को चैत्र मसान्तसम्मको आन्तरिक राजश्व संकलनको समिक्षा र बाँकी अवधिमा उठ्न सक्ने रकमको अनुमानको आधारमा आगामी आ.व.को लागि गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय विवरण ऐनको दफा ६६ बमोजिमको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलाई उपलब्ध गराउने,

ख) आगामी आ.व.को लागि आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्ती सम्बन्धी कार्यको योजना कार्यान्वयन,

ग) गाउँपालिकाले तोकेका तथा समितिले आवश्यक ठानेका अन्य विषयहरु ।

१३. **समितिको छैठौं बैठक र सम्भावित कार्यसूचीः** सदस्य सचिवले संयोजकको परामर्शमा छैठौ वैठक वोलाउनु पर्नेछ । छैठौ वैठकको लागि सम्भावित कार्यसूचीहरु देहाय अनुसार हुनेछः

(क) चालु आ.व.को जेष्ठ मसान्तसम्मको आन्तरिक तथा वाह्य राजश्व परिचालनको अवस्थाको समिक्षा र बाँकी अवधिमा उठ्न सक्ने अनुमानको आधारमा आगामी आ.व.को मा परिचालन हुने कूल राजश्वको अन्तिम विवरण कार्यपालिकालाई उपलब्ध गराउने,

(ख) गाउँपालिकाको लागि राजश्व नीति, व्यवस्थापकीय प्रबन्ध, संस्थागत क्षमता बिकास, संस्थागत क्षमता बिकास कार्ययोजना र लागत अनुमानको अन्तिम प्रतिवेदन स्विकृतिका लागि कार्यपालिका समक्ष पेश गर्ने,

(ग) समितिले आवश्यक ठानेका अन्य विषयहरु ।

माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

**१४. समितको वैठक प्रणालीः** समितिको बैठक संचालन प्रणाली देहाय बमोजिम हुनेछः

(क) समितिको वैठक समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ,

(ख) समितिको वैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा गाउँ कार्यपालिकाका सदस्यहरुमध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ,

(ग) समितिको बैठकमा आवश्यकता अनुसार बिषय बिज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ,

(घ) समितिको बैठकको निर्णय सर्वसम्मत प्रणालीबाट पारित हुनेछ यदी सर्वसम्मत हुन नसकेमा बहुमत प्रणालीबाट पारित गरिनेछ,

(ङ) समितिको वैठकको निर्णय समितिको संयोजकबाट प्रमाणित गरिनेछ ।

## परिच्छेद -५

## राजश्व अनुमान प्रक्षेपण र आवधिक समिक्षा

**१५. राजश्व अनुमान प्रक्षेपणः** (१) समितिले प्रत्येक बर्ष गाउँपालिकालाई प्राप्त कर तथा गैरकर राजश्व अधिकार क्षेत्र, स्विकृत दर, दायरा, करयोग्य सम्पत्ति, आम्दानी तथा वस्तु र सेवाको प्रचलित बजारमूल्य, गाउँपालिकाको राजश्व प्रशासन सयंन्त्र, जनशक्ति, प्रविधि क्षमता समेतको बिश्लेषणको आधारमा परिचालन हुन सक्ने कर तथा गैर राजश्वको अनुमान प्रक्षेपण **अनुसूची १** बमोजिमको ढाँचामा तयार गरी गाउँकार्यपालिका समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्तुत गरिने राजश्व अनुमान प्रक्षेपण तयार गर्दा विगत ३ आ.व.अनुमान र यथार्थ आयको समिक्षा, बिश्लेषणको आधारमा आगामी ३ आ.व.को लागि गरिएको अनुमान प्रक्षेपण, लक्ष्य, रणनीति र कार्यक्रम सहितको राजश्व सुधार कार्ययोजनालाई आधार मानी प्रक्षेपण गर्नु पर्नेछ ।

(३) समितिले आगामी आ.व.को लागि राजश्व अनुमान प्रक्षेपण प्रस्तुत गर्दा कर तथा गैरकर शिर्षक अन्तर्गतको आन्तरिक आय, वाह्य आयका साथै गाउँपालिकाले अवलम्बन गर्ने नीति, कार्यक्रम र आयोजना परियोजनाको लागि आवश्यक पर्ने श्रोत अनुमानको आधारमा न्युन हुने श्रोत परिचालनका लागि आन्तरिक ऋण परिचालन वा निजी क्षेत्रको श्रोत परिचालन जस्ता वैकल्पिक बिधिहरुको संभाव्य श्रोत परिचालन सम्बन्धी खाका समेत सिफारिस गर्न सकिनेछ ।

**१६. आवधिक समिक्षाः** (१) समितिले प्रस्ताव गरेको राजश्व अनुमान प्रक्षेपण, सिफारिस गरिएको राजश्व नीति, कार्यक्रम र गाउँपालिकाले पारित गरेको राजश्व लक्ष्य, नीति, कार्यक्रम अनुसार राजश्व परिचालन भए नभएको सम्बन्धमा आवधिक समिक्षा गरी सम्बन्धित निकायलाई नीतिगत तथा व्यवस्थापकीय सुधार एवं निर्देशनको लागि कार्यापालिकालाई सुझाव दिन सक्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम कार्यपालिकालाई दिएको सुझाव कार्यान्वयन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ ।

**१७. उपसमिति वा कार्यदल गठन गर्न सकिनेः** (१) समितिले गाउँपालिकाको आन्तरिक राजश्व अभिवृद्धिका लागि राजश्वसँग सम्बन्धित कुनै बिषय वा क्षेत्र सम्बन्धमा अध्ययन अनुसन्धान गर्न आवश्यक ठानेमा उपसमिति वा कार्यदल गठन गर्न सकिनेछ ।

(२) यसरी गठन हुने उपसमिति वा कार्यदलको कार्य विवरण, सेवा शर्त सुविधा सम्बन्धी व्यवस्था समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद ६

## बिबिध

**१८. आवधिक तथा बार्षिक प्रतिवेदनः** समितिले आफनो कार्य सम्पादन सम्बन्धी चौमासिक तथा बार्षिक प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नेछ ।

**१९. अधिकार प्रत्यायोजनः** समिति तथा समितिको संयोजकले आफुलाई प्राप्त अधिकार सदस्य वा अन्य पदाधिकारीमा प्रत्यायोजन गर्न सकिनेछ ।

२०. **बैठक भत्ताः** समितिका पदाधिकारीहरुले कार्यपालिकाले तोके बमोजिमको बैठक भत्ता पाउनेछ ।

२१. **कार्यविधिको व्याख्याः** यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार गाउँकार्यपालिकामा रहनेछ ।

२२. **प्रचलित कानूनसँग बाझिएमाः** यस कार्यविधिमा लेखिएका कुनै कुरा प्रचलित कानूनसँग वाझीएको खण्डमा वाझीएको हदसम्म प्रचलित कानून बमोजिम नै हुनेछ ।

आज्ञाले,

बेदहरि अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

मूल्यः रु. २५।-

प्रकाशकः

माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाहाचोक, कास्की